# गाउँ कार्यपालिका बैठक

## बैठक नं. ४

आज मिति २०७९ साल आश्विन १३ गते बिहीबारका दिन यस कालीगण्डकी गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री खिम बहादुर थापाज्यूको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावमाथि छलफल गरी निर्णयहरु गरियो।

उपस्थिति:

| | | |
|---|---|---|
| श्री खिम बहादुर थापा | अध्यक्ष | |
| श्री सावित्रा कोइराला | उपाध्यक्ष | |
| श्री देवेन्द्र पाण्डेय | प्रमुख प्रशासकीय अधिकृत | |
| श्री हिरामणी पाण्डे | अधिकृत छैठौं | |
| श्री कृष्ण बहादुर लामिछाने | १ नं. वडाध्यक्ष | |
| श्री खगीसरा आले | २ नं. वडाध्यक्ष | |
| श्री देवेन्द्र कुमार थापा | ३ नं. वडाध्यक्ष | |
| श्री यादव प्रसाद पाण्डेय | ४ नं. वडाध्यक्ष | |
| श्री रुक बहादुर थापा | ५ नं. वडाध्यक्ष | |
| श्री सुन्दर प्रसाद अधिकारी | ६ नं. वडाध्यक्ष | |
| श्री उम प्रसाद भट्टराई | ७ नं. वडाध्यक्ष | |
| श्री हुमा देवी सार्की | कार्यपालिका सदस्य | |
| श्री टिकीसरा भट्टराई | कार्यपालिका सदस्य | |
| श्री दीपा सिंजाली | कार्यपालिका सदस्य | |
| श्री रुपमाया राना | कार्यपालिका सदस्य | |
| श्री लोक बहादुर सुनार | कार्यपालिका सदस्य | |
| श्री प्रेम बहादुर बोटे | कार्यपालिका सदस्य | |
| श्री लक्ष्मी नानु राना | क.अ. | |

२०७९/०६/१३

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

**प्रस्ताव नं. १: IPS कार्यक्रमका सम्बन्धमा।**

गण्डकी प्रदेश, पोखराद्वारा मिति

निर्णय नं. १ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नवप्रवर्तन साझेदारी कार्यक्रम, २०७९/०५/२४ मा प्रकाशित सूचना अनुसार मुख्यमन्त्री सो कार्यक्रमका लागि देहाय २०७९ को लागत साझेदारीमा कार्यक्रम प्रस्ताव गर्ने। साथै, बमोजिमको समिति गठन गर्ने।

श्री सावित्रा कोइराला, गा.पा. उपाध्यक्ष संयोजक

श्री यादव प्रसाद पाण्डेय, ४ नं. वडा अध्यक्ष सदस्य

श्री हुमादेवी सार्की, कार्यपालिका सदस्य सदस्य

श्री गणेश पाण्डे, सूचना प्रविधि अधिकृत सदस्य

श्री देवेन्द्र पाण्डेय, प्र.प्र.अधिकृत सदस्य-सचिव

साथै, लागत साझेदारीमा व्यहोर्नुपर्ने लागत रकम आ.व. २०७९/८० को साझेदारी कोषबाट व्यहोर्ने।

**प्रस्ताव नं. २: वित्तिय सुशासन जोखिम मूल्याङ्कन सम्बन्धमा।**

निर्णय नं. २ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन अन्तर्गतको निम्ति प्राप्त कार्यविधि अनुसार पेश भएको कागजातको आधारमा जिल्ला समन्वय समितिबाट प्राप्त ६२ प्रतिशत अंकलाई स्वीकृत गरी जानकारीको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र जिल्ला समन्वय समिति, स्याङ्जामा पठाउने साथै पोर्टल तथा सूचना पाटीमा प्रकाशन गर्ने।

**प्रस्ताव नं. ३: सुरक्षा निकायलाई सहयोग रकम उपलब्ध गराउने सम्बन्धमा।**

निर्णय नं. ३: सशस्त्र प्रहरी बल नेपाल, ३० नं. गुल्म, वालिङबाट ब्यारेक लगायतका संरचना निर्माण तथा मर्मतका लागि सहयोग रकम उपलब्ध गराइदिनुहुन भनी अनुरोध भई आए बमोजिम यस गाउँपालिकाको विनियोजित बजेटको उपयुक्त शिर्षकबाट रु.१०००००।- (एक लाख रुपैयाँ) तथा वडा प्रहरी कार्यालय, वालिङबाट अनुरोध भई आए बमोजिम सो कार्यालयमा पानी शुद्धीकरण गर्ने उपकरण/केन्ट जडान गरी सहयोग गर्ने।

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

**प्रस्ताव नं. ४:-** आयोजनाको म्याद थप गर्ने सम्बन्धमा ।

**निर्णय नं. ४:-** यस कार्यालयको ठेक्का सूचना नं. KLGD/W/NCB/PARK 05/ 077-78 को म्याद सकिएता पनि खर्च भुक्तानी गर्ने श्रोतमा बजेट प्राप्त नभएको हुँदा कार्य रोकिएको अवस्थामा हाल बजेट प्राप्त भएको हुँदा म्याद सकिएको मितिदेखी लागू हुने गरी २०८० असार मसान्तसम्मको लागि म्याद थप गर्ने ।

प्रस्ताव नं. ५:- जिल्ला खेलकुद विकास समितिलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

निर्णय नं. ५:- चौधौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत स्याङ्जाको वालिङ्मा हुने महिला फुटबल प्रतियोगिता आयोजनाका लागि जिल्ला खेलकुद विकास समितिको निर्णय तथा पत्र अनुसार रु २,००,०००।- (दुई लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने ।

प्रस्ताव नं. ६:- क्लब लगायतहरुलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

निर्णय नं. ६:- निम्न क्लबहरुलाई निम्न बमोजिमको रकम आर्थिक सहयोग गर्ने

| | |
|---|---|
| श्री नवदीप युवा क्लब, वडा नं. ५ | रु ७५,०००।- |
| श्री चुरिभुयार क्लब, वडा नं. ३ | रु ५०,०००।- |
| श्री राइजिङ्गस्टार जनहित क्लब, वडा नं. ३ | रु ५०,०००।- |
| श्री श्री आलमदेवी बहुउद्देश्यीय ग्रामिण सेवा परिवार, वडा नं. २ | रु ५०,०००।- |

प्रस्ताव नं. ७:-विपद कोषबाट रकम सहयोग गर्ने सम्बन्धमा ।

निर्णय नं. ७:- निम्न बमोजिमको सहायता उपलब्ध गराउने ।

| | |
|---|---|
| वडा नं. १ को च.नं. २८२ को सिफारिश बमोजिम ज्ञान बहादुर घर्ति | रु १५,०००।- |
| तातापानी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, वडा नं. २ | ४०४१२।- |
| आर्खोटडी क खानेपानी तथा सरसफाइ योजना, वडा नं. २ | २४५५६। |

प्रस्ताव नं. ८:-बुस कटिङ्गको भुक्तानी सम्बन्धमा ।

निर्णय नं. ८:- २०७९ श्रावण/भाद्र महिनामा विद्युत लाइनको वरपर भएको बुस कटिङ कार्यको भुक्तानीका लागि भुक्तानीका लागि सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रको सि.नं. १२ को बाढी/पहिरो/हावाहुरी/भूकम्प लगायत दैवी तथा मानवीय प्रकोपबाट भएको क्षतिको पुनर्निर्माण शिर्षकबाट रु ९५,०००।- (पन्चानब्बे हजार मात्र) बजेट स्वीकृति दिने ।

प्रस्ताव नं. ९:- खेलाडी सम्मान सम्बन्धमा ।

निर्णय नं. ९:- यस गाउँपालिकाभित्रका नागरिक/ खेलाडीहरुले जिल्लास्तर/प्रदेशस्तर/राष्ट्रियस्तर/अन्तर्राष्ट्रियस्तरमा गरेको प्रदर्शन र सफलताका आधारमा प्रोत्साहन गर्नका लागि सम्मान कार्यक्रमका साथै नगद पुरस्कार/उत्प्रेरणा प्रदान गर्ने कार्यलाई विगतमा जस्तै यस वर्ष समेत निरन्तरता दिने ।

हालका लागि राष्ट्रपति रनिङ्ग शिल्ड यू-१८ अन्तर्गतको प्रतियोगितामा यस गाउँपालिकाबाट सहभागि खेलाडीहरुको प्रोत्साहनका लागि भएको निम्न बमोजिमको प्रोत्साहन सुविधा/रकमको समर्थन गर्ने ।

श्री अभिजित नेपाली, सोइङ थापा, सुजाता राना, पूर्णिमा सोमै

जनही रु ७०००।-

श्री विकास लामिछाने, सिरिस्मा सोमै, बन्धना लामिछाने, यमुना दर्लामी, बर्षा आले

जनही रु ५०००।-

आगामी समयमा यस गाउँपालिकाभित्रका निम्न बमोजिमको विजेता खेलाडीहरुलाई निम्न बमोजिम प्रोत्साहन रकम उपलब्ध गराउने ।

| स्तर | अन्तर्राष्ट्रिय | राष्ट्रिय | प्रादेशिक | जिल्लास्तर | अन्तरस्थानीय तह |
|---|---|---|---|---|---|
| स्वर्ण | ५०,०००।- | २०,०००।- | १५,०००।- | १०,०००।- | ५,०००।- |
| रजत | ३०,०००।- | १५,०००।- | १०,०००।- | ७,०००।- | ४,०००।- |
| काश्य | २०,०००।- | १०,०००।- | ५,०००।- | ५,०००।- | ३,०००।- |

२०७९ असोज १३ गते

खिम बहादुर थापा
गा. पा. अध्यक्ष